फेदीखोला गाउँपालिका

# स्थानीय राजपत्र

गाउँ कार्यपालिकाको कार्यालयद्वारा प्रकाशित

खण्ड ७ | संख्या ४ | २०८०/०८/२८

गाउँ कार्यपालिकाबाट पारित : २०८०/०८/२४

प्रमाणिकरण : २०८०/०८/२६

## भाग २

# उपाध्यक्षसँग सुत्केरी पोषण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०

फेदीखोला गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, स्याङ्जा

**प्रस्तावनाः** नेपालको संविधान बमोजिम स्वास्थ्य सेवा उपभोग गर्न पाउने जनताको अधिकार तथा **स्थानीय सरकार संचालन ऐन, २०७४** को दफा ११ को उपदफा (२) 'झ' अन्तर्गत रहेर सुरक्षित मातृत्व, विद्यमान मातृ तथा शिशु मृत्युदरमा कमी ल्याउन तथा आमा तथा नवजात शिशुको पोषण अवस्थामा सुधार ल्याउनका लागि यस फेदीखोला गाउँ कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "उपाध्यक्षसँग सुत्केरी पोषण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाले स्विकृत गरेको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) "गाउँपालिका" भन्नाले फेदीखोला गाउँपालिकालाई सम्झनु पर्दछ।

(ख) "समिति" भन्नाले दफा १४ बमोजिम गठन भएको समितिलाई सम्झनु पर्दछ।

(ग) "कार्यविधि" भन्नाले उपाध्यक्षसँग सुत्केरी पोषण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० लाई सम्झनु पर्दछ।

(घ) "सुत्केरी" भन्नाले स्वास्थ्य संस्थामा प्रसुति भई ४५ दिन अवधि भित्रका महिलालाई सम्झनु पर्दछ।

(ङ) "वडा कार्यालय" भन्नाले फेदीखोला गाउँपालिका भित्रका वडा कार्यालयहरुलाई सम्झनु पर्दछ।

(च) "पोषिलो झोला" भन्नाले यस कार्यविधि बमोजिम स्वास्थ्य संस्थामा प्रसुति भएका सुत्केरीलाई वितरण गरिने अनुसूची-३ बमोजिमका तयारी खाद्य आहार रहेको झोला सम्झनु पर्दछ।

(छ) "लक्षित समूह" भन्नाले गाउँपालिका भित्र स्थायी वा कम्तीमा पनि लगातार रुपमा विगत एक वर्ष देखि अस्थायी रुपमा बसोबास गर्दै आएका ४५ दिन भित्रका सुत्केरी महिलालाई सम्झनु पर्दछ।

(ज) "लाभग्राही" भन्नाले लक्षित समूह भित्र परेका तर स्थानीय स्वास्थ्य संस्थामा दर्ता भई आवश्यक प्रजनन् स्वास्थ्य सेवा लिईरहेको व्यक्ति भन्ने सम्झनु पर्दछ।

(झ) "अध्यक्ष" भन्नाले फेदीखोला गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्दछ।

(ञ) "उपाध्यक्ष" भन्नाले फेदीखोला गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ।

## परिच्छेद-2

## कार्यक्रमको उद्देश्य तथा अपेक्षित प्रतिफल

३. **उद्देश्य:** उपाध्यक्षसँग सुत्केरी पोषण कार्यक्रमको उद्देश्य देहाय बमोजिम रहेको छ :

(क) यस गाउँपालिका भित्र रहेका सम्पूर्ण सुत्केरी महिलाहरुको पोषण अवस्थामा सुधार गर्ने।

(ख) मातृ तथा नवजात शिशु मृत्यु दरमा कमी ल्याउने।

(ग) घरमै सुत्केरी हुने दर घटाई स्वास्थ्य संस्थामा सुत्केरी गराउन प्रोत्साहित गराउने।

(घ) सुरक्षित मातृत्व सेवाको सुनिश्चितता प्रदान गर्ने।

४. **अपेक्षित प्रतिफल:** कार्यक्रमको अपेक्षित प्रतिफल निम्न बमोजिम रहनेछन् :

(क) सुत्केरी तथा नवजात शिशुको पोषण अवस्थामा सुधार हुनेछ।

(ख) मातृ तथा नवजात शिशु मृत्यु दर कम हुनेछ।

(ग) घरमै सुत्केरी हुने दरमा कमी भई होम डेलिभरी शून्य हुनेछ।

## परिच्छेद-३

## लाभान्वित सुत्केरीका आधारहरु

५. **आधारहरु:** लाभान्वित सुत्केरीका आधारहरु देहाय बमोजिम रहनेछन्ः

(क) सुत्केरी महिलाको निवेदन।

(ख) गाउँपालिका भित्र स्थायी रुपमा वा विगत एक वर्षदेखि लगातार रुपमा अस्थायी बसोबास गरेको प्रमाण खुल्ने खालको सम्बन्धित वडाको सिफारिस सहितको कागजात पेस गर्नुपर्ने ।

(ग) फेदीखोला गाउँपालिका अन्तर्गतका आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा दर्ता भई नेपाल सरकारले तोकेको प्रोटोकल बमोजिम गर्भ जाँच गरेको हुनुपर्ने ।

(घ) स्वास्थ्य संस्थामा सुत्केरी भई जन्म प्रमाणपत्र लिएको हुनुपर्ने ।

(ङ) नवजात शिशुको जन्मदर्ता प्रमाणपत्र र बुवा वा आमाको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

(च) सम्बन्धित वडाको स्वास्थ्य संस्थाको सिफारिस ।

(छ) मेडिक मोबाइल कार्यक्रममा दर्ता भएकाहरुलाई प्राथमिकता दिइनेछ ।

## परिच्छेद-६

## पोषण झोला सम्बन्धी व्यवस्था

६. **पोषण झोला खरिदः** (१) यस कार्यविधि बमोजिम सुत्केरीको लागि अनुसूची-२ र ३ बमोजिमका तयारी खाद्य आहारयुक्त पोषण झोलाको खरिद गरी गाउँपालिकाले वितरण गर्नेछ ।

(२) उपदफा (१) बमोजिम पोषण झोला खरिद गर्दा प्रचलित खरिद सम्बन्धी कानूनले निर्धारण गरेको विधि र प्रकृया अपनाइनेछ ।

(३) पोषण झोला खरिद गर्दा गत आर्थिक वर्षको स्वास्थ्य संस्थाहरुमा सुत्केरी भएका महिलाहरुको तथ्याङ्कलाई आधार मानी खरिद गरिनेछ ।

७. **पोषण झोला सम्बन्धी मापदण्डः** गाउँपालिकाले यस कार्यविधि बमोजिम पोषण झोलाको खरिद गर्दा प्रचलित कानूनमा तोकिएका खाद्य आहार सम्बन्धी मापदण्डको अतिरिक्त देहायका खरिद सम्बन्धी मापदण्डको पालना गर्नुपर्नेछ ।

(क) पोषण झोलामा कृषि उपभोग्य खाद्य वस्तु जस्तै चामल, चना, दाल, फलफुल, अण्डा आदि समावेश गराइनेछ। यसका अलवा आयोडिनयुक्त धुलो नुन, हात धुने साबुन, टुथ पेष्ट तथा टुथ ब्रस पनि समावेश गराइनेछ । साथै घिउ खरिदका लागि प्रति सुत्केरी रु. १,२००/- (अक्षरुपी: बाह्र सय मात्र)का दरले नगदै प्रदान गरिनेछ।

(ख) पोषण झोलाको बाहिरी भागमा गाउँपालिकाको लोगो तथा कार्यक्रमको नाम सहित "**फेदीखोला गाउँपालिकाद्वारा सुत्केरी महिलालाई निःशुल्क वितरण**" भन्ने अक्षरहरु छापिनेछ।

(ग) यस कार्यविधि बमोजिम सुत्केरी तथा नवजात शिशुको पोषण स्थितिमा सुधार ल्याउनका लागि प्रति सुत्केरी बढीमा रु. ३,५००/- (अक्षरुपी: पैंतिस सय मात्र)का दरले पोषण झोला प्याकेजमा उपलब्ध गराइनेछ।

**८. पोषण झोलाको भण्डारण तथा आपूर्ति :** (१) गाउँपालिकाले यस कार्यविधि बमोजिम खरिद भएको पोषण झोलाको सुरक्षित भण्डारणको व्यवस्था मिलाउनेछ ।

**९. पोषण झोला वितरण :** (१) सम्बन्धित स्वास्थ्य संस्थाबाट प्राप्त सुत्केरी भएको प्रमाणपत्र सहितको सिफारिस पत्रको आधारमा गाउँपालिकाका उपाध्यक्ष, सम्बन्धित स्वास्थ्य संस्थाको प्रतिनिधि, महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविका, फेदीखोला गाउँ कार्यपालिकाको कार्यालयको प्रतिनिधि तथा सम्बन्धित वडाका जनप्रतिनिधिहरुको उपस्थितिमा प्रति सुत्केरी एक वटाको दरले अनुसूची-५ बमोजिमको अभिलेख फाराम भरी पोषण झोला वितरण गरिनेछ।

(२) उपदफा (१) बमोजिम वितरण गरिएका पोषण झोलाको अभिलेख सम्बन्धित स्वास्थ्य संस्था तथा स्वास्थ्य उपशाखाले राखी त्यसको लिखित जानकारी सम्बन्धित वडा कार्यालयलाई दिइनेछ।

**परिच्छेद-७**

## अभिलेख तथा प्रतिवेदन

१०. **अभिलेख तथा प्रतिवेदन :** यस कार्यविधि बमोजिम कार्यक्रम कार्यान्वयनका लागि देहायका निकायले देहाय बमोजिम अभिलेख तथा प्रतिवेदन गर्नेछ।

(क) स्वास्थ्य संस्थाले लाभग्राही सुत्केरीको मासिक प्रतिवेदन महिना भुक्तान भएको मितिले ७ दिन भित्र गाउँपालिकाको स्वास्थ्य उपशाखा तथा सम्बन्धित वडा कार्यालयमा अनुसूची-५ बमोजिमको फाराम भरी पठाउनेछ।

(ख) उपदफा (क) बमोजिम प्राप्त प्रतिवेदनको जानकारी गाउँपालिकाको स्वास्थ्य उपशाखा मार्फत गाउँ कार्यपालिकाको कार्यालयको सामाजिक विकास शाखालाई अनुसूची-६ र ७ बमोजिमको फाराम भरी उपलब्ध गराइनेछ।

## परिच्छेद-८

## विविध

११. **अनुगमन तथा निरिक्षण:** सेवाको गुणस्तर सुनिश्चित गर्न आवश्यकतानुसार गाउँपालिका अध्यक्षबाट कार्यक्रमको नियमित अनुगमन तथा निरीक्षण गर्न सकिनेछ।

१२. **लेखा परिक्षण:** कार्यक्रमको लेखा परीक्षण प्रचलित कानून बमोजिम गराउने जिम्मेवारी गाउँपालिकाको हुनेछ।

१३. **बाधा अड्काउ फुकाउने:** यो कार्यविधि कार्यान्वयनमा बाधा अड्काउ परेमा गाउँपालिकामा यस कार्यविधिको दफा १४ बमोजिम गठित समितिको बैठकको निर्णयले बाधा अड्काउ फुकाउन सक्नेछ।

१४. **समितिको गठन:** कार्यक्रम प्रभावकारी रुपमा संचालन गर्नका लागि गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा तपसिल बमोजिम ५ सदस्यीय कार्यक्रम संचालन तथा व्यवस्थापन समिति गठन गरिनेछ:

१. गाउँपालिका उपाध्यक्ष

-संयोजक

२. गाउँपालिकाको सामाजिक विकास समितिका संयोजक

-सदस्य

३. गाउँपालिकाको सामाजिक विकास शाखा प्रमुख

-सदस्य

४. गाउँपालिकाको जिन्सी शाखा प्रमुख

-सदस्य

५. गाउँपालिकाको स्वास्थ्य उपशाखा प्रमुख

-सदस्य सचिव

**१५.** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएतापनि चालु आ.व. २०८०/०८१ कार्यक्रमको सुरुवाति वर्ष भएकोले २०८० श्रावण १ गते देखि सुत्केरी भएका सम्पूर्ण महिलाहरुलाई पोषण झोला उपलब्ध गराउन बाधा पर्ने छैन।

## अनुसूची-१

(दफा ५(च) सँग सम्बन्धित)

**स्वास्थ्य संस्थाले सुत्केरी भएको सिफारिस गर्ने ढाँचा**

मितिः ....................

श्री फेदीखोला गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
फेदीखोलास्याङ्जा , ।

विषयः सिफारिस गरिएको सम्बन्धमा ।

उपरोक्त विषयमा फेदीखोला गाउँपालिका ..........नं. वडा ..................................... स्थायी ठेगाना भएको उमेर ......... वर्ष ............................ नागरिकता प्रनं.प्र../ जन्मदर्ता प्र.प.नं.को .................................... सम्पर्क नं. भएको श्री .................................................. को .................. साल ................... महिना ........... गते श्री ............................................................................. अस्पतालमा सुत्केरी भएको विवरण जाँचबुझ गरी सिफारिस गर्दछु ।

**सिफारिस गर्ने स्वास्थ्यकर्मीकोः**

पुरा नाम थर :............................
पदः........................................
दस्तखतः

स्वास्थ्य संस्थाको छापः

## अनुसूची-२

(दफा ६ सँग सम्बन्धित)

## खरिद गरिने सामाग्री तथा अभिलेख

| क्र.सं. | सामाग्रीको नाम | परिमाण | खरिद निर्णय मिति | खरिद गरिएको मिति | सामाग्रीको म्याद नाघ्ने मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

तयार गर्ने   पेस गर्ने   सदर गर्ने

## अनुसूची-३

(दफा ६ र ७ सँग सम्बन्धित)

**पोषण झोलामा रहने खाद्य आहार सम्बन्धी विवरण**

| क्र.सं. | विवरण | परिमाण | कैफियत |
|---|---|---|---|
| १. | चामल | ३ के.जी. | |
| २. | चना | १ के.जी. | |
| ३. | दाल | २ के.जी. | |
| ४. | अण्डा | ३० गोटा | |
| ५. | फलफुल (सिजन अनुसार) | १ के.जी. | |
| ६. | प्याकेटको धुलो आयो नुन | १ के.जी. | |
| ७. | हात धुने साबुन | २ गोटा | |
| ८. | टुथ ब्रस | १ गोटा | |
| ९. | टुथ पेष्ट | १ गोटा | |

तयार गर्ने          पेस गर्ने          सदर  गर्ने

## अनुसूची-४

(दफा ९ र १० सँग सम्बन्धित)

## पोषण झोला वितरण अभिलेख

१. सुत्केरी महिलाको नाम थर :

२. ठेगाना :

३. सुत्केरी महिलाको उमेर र हाल सम्म सुत्केरी भएको पटक :

४. वितरण गरिएको मिति :

५. अन्य विवरणहरु :

### विवरण

| क्र.सं. | विवरण | परिमाण | बुझिलिनेको | | कैफियत |
|---|---|---|---|---|---|
| | | | दस्तखत | सम्पर्क नं. | |
| १. | चामल | ३ के.जी. | | | |
| २. | चना | १ के.जी. | | | |
| ३. | दाल | २ के.जी. | | | |
| ४. | अण्डा | ३० गोटा | | | |
| ५. | फलफुल (सिजन अनुसार) | १ के.जी. | | | |
| ६. | प्याकेटको धुलो आयो नुन | १ के.जी. | | | |
| ७. | हात धुने साबुन | २ गोटा | | | |
| ८. | टुथ ब्रस | १ गोटा | | | |
| ९. | टुथ पेष्ट | १ गोटा | | | |
| 10. | झोला | १ गोटा | | | |

तयार गर्ने          पेस गर्ने          सदर गर्ने

## अनुसूची-५

(दफा ९ र १० सँग सम्बन्धित)

**लाभग्राही सुत्केरी महिलाको अभिलेख फाराम**

१. जिल्ला :

२. स्थानीय तहको नाम :

३. स्वास्थ्य संस्थाको नाम :

४. आर्थिक वर्ष :

५. महिना :

| क्र.सं. | दर्ता नं. | नाम , थर | जातिय कोड | ठेगाना | नागरिकता नं. | पोषण झोला प्रदान गरेको मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

**कार्यक्रमसँग सम्बन्धित कर्मचारीको**

नामः

पदः

हस्ताक्षरः

मितिः

**स्वास्थ्य संस्था प्रमुखको**

नामः

पदः

हस्ताक्षरः

मितिः

स्वास्थ्य संस्थाको छापः

## अनुसूची-६

(दफा १० को उपदफा (ख) सँग सम्बन्धित)

आ.व. को ......./......२०.................. महिनाको मासिक प्रतिवेदन

मितिः ..........................

श्री सामाजिक विकास शाखा,
गाउँ कार्यपालिकाको कार्यालय,
फेदीखोला गाउँपालिका,
फेदीखोला, स्याङ्जा ।

प्रस्तुत विषयमा यस गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुबाट वितरण गरिएको पोषण झोला तथा मौज्दातको अवस्था देहाय बमोजिम रहेको व्यहोरा अनुरोध छ ।

**पोषण झोला तथा मौज्दातको अवस्था**

| गत महिनाको अन्तमा भएको मौज्दात | यस महिनामा वितरण | यस महिनाको अन्तको मौज्दात | कैफियत |
|---|---|---|---|
| | | | |

**पोषण झोला वितरणको अवस्था**

| क्र.सं. | स्वास्थ्य संस्थाको नाम | वडा नं. | २० वर्ष मुनिका सुत्केरी महिलाको संख्या | २० वर्ष माथिका सुत्केरी महिलाको संख्या | कुल जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | फेदीखोला स्वास्थ्य चौकी | १ | | | | |
| २. | फेदीखोला आधारभूत स्वास्थ्य सेवा केन्द्र | २ | | | | |
| ३. | भाटखोला स्वास्थ्य चौकी | ३ | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४. | आरुखर्क स्वास्थ्य चौकी | ४ | | | | |
| ५. | राँपुडाँडा सामुदायिक स्वास्थ्य इकाई | ४ | | | | |
| ६. | बाँगेफड्के स्वास्थ्य चौकी | ५ | | | | |
| **जम्मा** | | | | | | |

तयार गर्ने पेस गर्ने सदर गर्ने

## अनुसूची-७

(दफा १० सँग सम्बन्धित)

**पोषण झोला सामाग्री वितरणको मुल अभिलेख**

| क्र. सं. | सुत्केरी महिलाको नाम थर | उमेर (वर्षमा) | ठेगाना | वितरण मिति | सम्पर्क नं. | कै. |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

तयार गर्ने पेस गर्ने सदर गर्ने

**आज्ञाले**
**विष्णु प्रसाद पौडेल**
**प्रमुख प्रशासकीय अधिकृत**